# आर्थिक ऐन, २०७५

## हरिनास गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक

**प्रस्तावनाः हरिनास** गाउँपालिकाको आर्थिक वर्ष २०७५/०७६ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम **हरिनास** गाउँ सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "आर्थिक ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन २०७५ साल श्रावण १ गतेदेखि **हरिनास** गाउँपालिका क्षेत्रमा लागू हुनेछ ।

२. **एकिकृत सम्पति करः** गाउँपालिका क्षेत्रभित्र अनुसूचि (१) बमोजिम घरजग्गा कर लगाइने र असूल उपर गरिनेछ ।

३. **घर वहाल करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि (३) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

४. **व्यवसाय करः** गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (४) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

५. **सवारी साधन करः**गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि (५) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

६. **विज्ञापन करः** गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (६) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ ।।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

७. **मनोरन्जन करः** गाउँपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा स्वायत्त शासन ऐनको दफा १४१ तथा अनूसुची १७ मा उल्लेख भए बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ ।।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ

८. **सेवा शुल्क, दस्तुरः** गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूचि ७ मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

९. **पर्यटनशुल्कः** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुवाट प्रति स्वदेशि पर्यटक रु २५ र प्रति विदेशि पर्यटक रु ५० दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१०. **कर छुटः**यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

११. **कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि गाउँपालिकाले तोके अनुसार हुने छ ।

हरिनास गाउँपालिका

अनुसुचि १

**एकीकृत सम्पत्ति करः**

एकीकृत सम्पत्ति कर कानून बनाएर प्रारम्भ गरिनेछ ।

**नक्सापास दस्तुरः**

यस गा.पा. क्षेत्रभित्र निर्माण हुने आधुनिक घरहरूको लागि निम्नानुसारको नक्सापास दस्तुर लाग्नेछ ।

| | | |
|---|---|---|
| १ | नक्सापास निवेदन फारामको रू. | २०० |
| २ | भुइँ तला र पहिलो तलामा प्रति वर्ग फिट | २ |
| ३ | दोश्रो तलामा प्रति वर्ग फिट | ३ |
| ४ | तेश्रो र सोभन्दा माथि प्रति वर्ग फिट | ४ |

अस्थाई र छाप्रो निर्माण गर्दा अस्थाई नक्सा पास पेश गर्नु पर्नेछ । ५०० वर्ग फिटसम्मका छाप्रोको लागि निर्माण दस्तुर रू. 500 र ५०० वर्ग फिट भन्दा वढी भएका छाप्रोको वढी हुन आउने प्रति वर्ग फिट रू. 2 का दरले लिने । कुनै कित्तामा एक भन्दा वढी छाप्रो बनाउने पर्ने भएमा सबै छाप्रोको नक्सा पेश गरी सोही बमोजिम दस्तुर लाग्नेछ ।

हरिनास गाउँपालिका

अनुसुचि २

| | | |
|---|---|---|
| | **आयस्रोत तथा धितो मूल्यांकंन प्रमाणित** | ०.१० प्रतिशतले लिने |

हरिनास गाउँपालिका

अनुसुचि ३

**घरवहाल करः**

घरधनीले लगाउने बहाल रकमको १० प्रतिशतले हुन आउने रकम ।

अनुसुचि ४

# हरिनास गाउँपालिकाद्वारा निर्धारित ब्यवसाय करको दर

## आ.ब. २०७५।७६ का लागि

**मूल्य अभिवृद्दि करमा दर्ता भएका ठूला ब्यवसायीहरूलाइ क अनुसार र पानमा दर्ता भएका साना व्यवसायीलाइ ख अनुसार तल उल्लेख भए बमोजिमको व्यवसाय कर लगाउने निर्णय गरियो ।**

| आ.ब.२०७५।७६ को लागि प्रस्तावित व्यवसाय करको दर | | | | | |
|---|---|---|---|---|---|
| क.सं. | व्यवसायको विवरण | चालू आव २०७४।७५ करको श्रेणी | | आ.ब. २०७५।७६ का लागि प्रस्तावित करको श्रेणी | |
| | स्तर | क | ख | क | ख |
| १) | **पर्यटन उद्योग** | | | | |
| १.१ | होमस्टे | ३०० | १०० | ५०० | २०० |
| १.२ | होटल,लज एवं साधारण होटल | १५०० | ५०० | १५०० | ५०० |
| १.३ | रेष्टुरेन्ट (म:म, तास,सेकुवाआदि) | १,०००।० | ३०० | १५०० | ५०० |
| १.४ | प्रति पर्यटक स्वदेशी । विदेशी | | २५।५० | | २५।५० |
| २) | **व्यापारिक वस्तु** | | | | |
| २.१ | खाद्यान्न, किराना डिलर र खुद्रा | १५०० | ५०० | १५०० | ५०० |
| २.२ | कपडा पसल (थोक एवं खुद्रा) | १५०० | ५०० | १५०० | ५०० |
| २.३ | आयल पम्प | १५०० | | २५०० | १५०० |
| २.४ | विद्यूत सामान तथा विद्यूतीय सामग्री टि.भी., घडी रेडियो बिक्री | १००० | ३०० | १००० | ५०० |
| २.५ | हेभी इक्विपमेन्ट बस, ट्रक, कार मोटर साईकल, टेम्पो, साईकल मर्मत कारखाना तथा टायर मर्मत केन्द्र | १००० | ५०० | १५०० | ५०० |
| २.६ | निर्माण सामाग्री | २,००० | १,००० | २५०० | १००० |
| २.७ | सुनचांदी पसल (ज्वेलेरी) | १००० | ५०० | १५०० | १००० |
| २.८ | फेन्सी पसल | १५०० | ५०० | १५०० | ५०० |
| २.९ | उनी धागो पसल | ५०० | ३०० | ५०० | ३०० |
| २.१० | जुत्ता चप्पल पसल | ८०० | ३०० | १००० | ५०० |
| २.११ | सपिङ सेन्टर | १००० | ५०० | २००० | १००० |
| ३) | **अन्य सेवा** | | | | |
| ३.१ | विविध श्रृघार पसल (थोक/खुद्रा) | ८०० | ३०० | १००० | ५०० |
| ३.२ | फर्नीचर पसल | १२०० | ८०० | २००० | १००० |
| ३.३ | भांडा र गिफ्ट पसल(थोक/खुद्रा) | १,००० | ५०० | १५०० | ८०० |
| ३.४ | केवुल, नेटवर्किङ | ५००० | | ५००० | ३००० |
| ३.५ | पुलवोर्ड (प्रति वोर्डरु.) | ४०० | | १००० | ५०० |

| | | | | | |
|---|---|---|---|---|---|
| ३.६ | भिडियो गेम(प्रति स्क्रिमरु.२००।) | २०० | | ३०० | |
| ३.७ | पुस्तक तथा पत्रिका पसल | ७०० | ३०० | १००० | ५०० |
| ३.८ | नर्सरी र फलफूलका विरुवा बिक्रीवितरण | ४०० | २०० | ५०० | ३०० |
| ३.९ | सस्थागत पेन्टर | २०० | | ५०० | २०० |
| ३.१० | तरकारी पसल | ३०० | १०० | ३०० | १०० |
| ३.११ | वीज भण्डार | ५०० | | ५०० | ३०० |
| ३.१२ | मासु पसल | ८०० | २०० | १००० | ५०० |
| ३.१३ | कपडा सिलाई | ८०० | ३०० | १००० | ५०० |
| ३.१४ | हेयर कटिङ | ५०० | | ५०० | ३०० |
| ३.१५ | आर्ट | ३०० | | ५०० | |
| ३.१६ | फोटो स्टुडियो | ८०० | ३०० | १००० | ५०० |
| ३.१७ | रंगरोगन पसल | १००० | ५०० | १००० | ५०० |
| ३.१८ | चश्मा पसल | ५०० | | ५०० | |
| ४) | **मर्मत संभार** | | | | |
| १ | रेडियो टि.भि घडी, प्रेशर कूकर, हिट टेलीफोन सेट पंखा तथा स्टोभ, विद्युत सामग्री मर्मत केन्द्र | ८०० | ३०० | १००० | ५०० |
| २ | हेभी इक्विपमेन्ट बस, ट्रक, कार मोटर साईकल, टेम्पो, साईकल मर्मत कारखाना तथा टायर मर्मत केन्द्र | १,००० | ५०० | १५०० | ५०० |
| ५) | **सेवा उद्योग** | | | | |
| १ | डाइभिङ इन्स्टिच्युट | ८०० | | १००० | |
| २ | चलचित्र मन्दिर | १,००० | | ५००० | |
| ३ | ल्याब तथा फोटो ग्राफि | १,००० | ५०० | १००० | ५०० |
| ४ | छापाखाना | १,००० | ५०० | २००० | १००० |
| ६) | **कृषि तथा वनजन्य उद्योग** | | | | |
| १ | कृषि वा वन पैदावारमा आधारित उद्योग व्यवसाय, फर्नीचर उद्योग आदी | १००० | ५०० | १००० | ५०० |
| ७) | **उर्जामूलक** | | | | |
| १ | वायो ग्यास तथा सौर्य प्रविधि र अन्य श्रोतहरु | १००० | | १००० | |
| ८) | **उत्पादन मूलक उद्योग** | | | | |
| १ | पाउरोटी भण्डार | ८०० | ३०० | १००० | ५०० |
| २ | मिल | ८०० | ३०० | १००० | ५०० |
| ३ | आइसक्रिम उद्योग तथा पसल | ८०० | ३०० | १००० | ५०० |
| ९) | **वित्तीय सेवा** | | | | |
| १ | वित्तीय संस्था र सहकारी संस्था | १५०० | ५०० | २००० | १००० |
| २ | रेमिटेन्स सेवा | १५०० | | २००० | |
| १०) | **स्वास्थ्य सेवा** | | | | |
| १ | निजी तथा गैरसरकारी अस्पताल | १५०० | ८०० | २५०० | १००० |
| २ | नर्सिङ होम | १५०० | ८०० | २५०० | १००० |

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | क्लिनिक तथा ल्याव | १५०० | ८०० | २५०० | १००० |
| ४ | दांत बनाउने पसल | ५,००।० | | १५०० | |
| ११) | **शिक्षा सेवा** | | | | |
| १ | नि.जि क्षेत्रका बोर्डिङ स्कूल क्याम्पस उ.मा.वि मा.वि. र प्रा.वि. | २००० | १००० | २००० | १००० |
| २ | टाईपिङ, कम्प्युटर तथा भाषा प्रशिक्षण संस्था | १००० | | १००० | |
| ३ | सिलाई, बुनाई, पेन्टिङ, कटिङ प्रशिक्षण | १००० | ५०० | १००० | ५०० |
| ४ | टेक्निकल इन्स्टिच्यूट | १००० | | १००० | |
| १२) | **निर्माण व्यवसायी गाउ पालिकामा प्रधान कार्यालय भएको निर्माण व्यवसायमा क, ख, ग, घ** | ५०००।, ३०००।, २०००।, १००० | | ५०००।, ३०००।, २०००।, १००० | |
| १३ | **संचार सेवा** | | | | |
| १ | निजी क्षेत्रका कुरियर, फ्याक्स,इमेल, इन्टरनेट र टेलिफोन | ५०० | | ५०० | |
| १३) | **विशेषज्ञ मरामर्श तथा अन्य व्यवसायिक सेवा** | | | | |
| १ | चिकित्सक विशेषज्ञ (स्वा.सहायक,कविराज) | ५०० | ३०० | १००० | ५०० |
| २ | ल फर्म | ५०० | | १००० | |
| ३ | कन्सल्टेन्सी फर्म (इन्जीनिय र ओ.) | ५००० | | ५००० | |
| ४ | ज्योतिस | ५०० | | ५०० | |
| ५ | अडिटर फर्म (क ख ग घ) | १००० | ८०० | १००० | ८०० |
| १४) | **अन्य व्यवसाय** | | | | |
| १ | कवाडी सामानको थोक बिक्रेता | २००० | | २००० | |
| २ | टेण्ट हाउस | १,००० | ८०० | १५०० | १००० |
| ३ | लाउण्डी पसल | ५०० | | १००० | |
| ४ | मादल पसल | ३०० | | ५०० | |
| ५ | माटोको भांडा बनाउने | ३०० | | ५०० | |
| ६ | मिठाई पसल | ८०० | ५०० | १००० | ५०० |
| १५) | **सा. उद्योग** | | | | |
| १ | कटिङ ढुंगा उद्योग | १,००० | | २००० | |
| २ | इट्टा भट्टा | १००० | | २००० | |
| ३ | ग्रिल उद्योग | १५०० | १००० | २५०० | १००० |
| ४ | अन्य उद्योग | १,५०० | १,००० | २५०० | १००० |
| ५ | ब्लक उद्योग | १००० | | २००० | |
| १६ | **प्राकृतिक साधन उपयोग कर** | | | | |
| १. | गिटी ढुंगा (प्रति हेभी ट्रक) | ५०० | | १००० | |
| २. | गिटी ढुंगा (प्रति मिनी ट्रक) | ४०० | | ८०० | |
| ३. | गिटी ढुंगा (प्रति ट्याक्टर) | २०० | | ५०० | |
| ४. | वालुवा (प्रति ट्रक) | ३०० | | १००० | |
| ५. | कटिङ ढुंगा (प्रति ट्रक) | २,५००।०० | | ४००० | |
| ६. | छपनी सादा ढुंगा (प्रति ट्रक) | २,०००।०० | | ३००० | |
| ७. | कटिङ ढुंगा | २,०००।०० | | | |
| ८. | छपनी सादा ढुंगा | १,०००।०० | | | |

| | | | |
|---|---|---|---|
| ९. | कालीमाटी र रातो माटो (ट्रक) | २०० | |
| १०. | कालीमाटी र रातो माटो (ट्याक्टर) | १०० | |
| ११. | कालीमाटी र रातो माटो (पावर टेलर) | ५० | |

## अनुसुचि ५

| | **बार्षिक सवारी कर** | आ ब २०७४/ २०७५ | आ ब २०७५/ २०७६ |
|---|---|---|---|
| १ | बस, ट्रक, लहरी | १,०००।०० | १,०००।०० |
| २ | मिनीबस, ट्रक (छ पांग्रे) | ६०० | ६०० |
| ३ | मिनीबस, ट्रक (चार पांग्रे) | ५०० | ५०० |
| ४ | भाडाको कारजीप | २०० | २०० |
| ५ | निजी कार, भ्यान, जिप, पिकअप | ५०० | ५०० |
| ६ | ट्याक्टर ठूलो ४० हर्षपावर भन्दा माथि | ५०० | ५०० |
| ७ | ट्याक्टर सानो ४० हर्षपावर भन्दा सानो | ३०० | ३०० |
| ८ | स्कुटर मोटरसाइकल | १०० | १०० |
| ९ | ठेला तथा रिक्सा | १०० | १०० |
| १० | सफा टेम्पो | २०० | २०० |
| ११ | गोरु गाडा | ५० | ५० |
| १२ | पावर टेलर | २०० | २०० |
| १३ | लोडर, डोजर र एक्साभेटर (भ्याकुम) | २,०००।०० | २,०००।०० |

## अनुसुचि ६

| | **विज्ञापन दस्तूर** | | | | |
|---|---|---|---|---|---|
| १ | प्रति वर्ग मि. | ० | ० | | २५ |

हरिनास गाँउपालिका

अनुसुचि७

**सिफारिस दस्तुरः**

| सि.नं. | सिफारिसको विवरण | आ.व. ०७४/७५ को प्रस्तावित दर | आ.व. ०७५/७६ को प्रस्तावित दर |
|---|---|---|---|
| १ | वंशजको नागरिकता सिफारिसः निवेदन दस्तुर समेत | २०० | २०० |
| २ | जन्मको आधारमा गरिने नागरिकता सिफारिस | ५०० | ५०० |
| ३ | अंगिकृत नागरिकता सिफारिस | ५०० | ५०० |
| ४ | नागरिकताको प्रतिलिपी सिफारिस | ३०० | ५०० |
| ५ | नागरिकताको संशोधन सिफारिस | ३०० | ५०० |
| ६ | नाता प्रमाणित नेपाली | २०० | २०० |
| ७ | नाता प्रमाणित अंग्रेजी | ५०० | ५०० |
| ८ | विद्यूत जडान सिफारिस | ३०० | ५०० |
| ९ | विद्यूत जडान थ्रिफेज | ५०० | १००० |
| १० | नाम संशोधन, नाम छुट तथा दुई नाम एकै सिफारिस | २०० | ५०० |
| ११ | जन्ममिति प्रमाणित नेपाली | ३०० | ३०० |
| १२ | स्थाई वा अस्थाई वसोवास सम्बन्धी सिफारिस | २५० | ५०० |
| १३ | नामथर जन्ममिति संशोधन सिफारिस | २०० | ५०० |
| १४ | घरजग्गा नामसारी सिफारिस | ५०० | ५०० |
| १५ | सम्बन्ध विच्छेद भएको सिफारिस | ३०० | १००० |
| १६ | फुकुवा सिफारिस | ३०० | ५०० |
| १७ | पेन्सन गार्ड वा सो सम्बन्धी अन्य सिफारिस | ५०० | ५०० |
| १८ | हकवाला संरक्षक सिफारिस | ३०० | ३०० |
| १९ | अविवाहित प्रमाणिकरण सिफारिस | ३०० | ३०० |
| २० | व्यवसाय दर्ता प्रमाणपत्रको नक्कल | २०० | ५०० |
| २१ | व्यवसाय दर्ता लगत कट्टाको सिफारिस | २०० | ५०० |
| २२ | घरनक्सा नामसारी | ५०० | ५०० |
| २३ | घर निर्माण सम्पन्न सिफारिसः आरसिसी | १००० | १००० |
| २४ | घर निर्माण सम्पन्न सिफारिसः कच्ची | ५०० | ५०० |

| | | | |
|---|---|---|---|
| २५ | निजी क्षेत्रमा रुख कटान सिफारिस(जम्बु,साल,साझ, कदम) | ५०० | १००० |
| २६ | निजी क्षेत्रमा रुख कटान सिफारिस(कुकाठ) | २५० | ५०० |
| २७ | मिलापत्र दस्तुर | २५० | ५०० |
| २८ | नावालक परिचयपत्र सिफारिस | २०० | २०० |
| २९ | व्यक्तिगत घटना दर्ता ३५ दिनसम्म | निःशुल्क | निःशुल्क |
| ३० | व्यक्तिगत घटना दर्ता ३५ दिन पछि | ५० | १०० |
| ३१ | दलित,जनजाति,आदिवासी सिफारिस | २०० | २०० |
| ३२ | कर क्लियर सिफारिसः नेपाली | ३०० | ५०० |
| ३३ | पारिवारिक विवरण सिफारिस | ३०० | ५०० |
| ३४ | खानेपानी जडान सम्बन्धी सिफारिस | ३०० | ५०० |
| ३५ | **उद्योग दर्ताको लागि सिफारिस** | | |
| | क. साना | ५०० | १००० |
| | ख. मझौला | १००० | २००० |
| | ग. ठूला | १५०० | ५००० |
| ३६ | **निजी विद्यालय सञ्चालन तथा कक्षा थप अनुमतिको सिफारिस** | | |
| | क. वाल विकास केन्द्र सञ्चालन अनुमति | १००० | १००० |
| | ख. आधारभूत विद्यालय | १२०० | १२०० |
| | ग. मा.वि. | १५०० | १५०० |
| | घ. स्नातक/ स्नातकोत्तर | २००० | २००० |
| ३७ | **सामुदायिक विद्यालय सञ्चालन तथा कक्षा थप सम्बन्धी सिफारिस** | | |
| | क. वाल विकास केन्द्र सञ्चालन अनुमति | १०० | ५०० |
| | ख. आधारभूत विद्यालय | १०० | १००० |
| | ग. मा.वि. | २०० | १५०० |
| | घ. स्नातक/ स्नातकोत्तर | २०० | २००० |
| ३८ | अंग्रेजी भाषामा गरिने प्रति सिफारिस दस्तुर | ५०० | ५०० |
| ३९ | चारकिल्ला प्रमाणित | ५०० | ५०० |
| ४० | ग्रामिण क्षेत्रमा घरबाटो सिफारिस | ३०० | ३०० |
| ४१ | शहरी क्षेत्रमा घरबाटो सिफारिस | ५०० | ५०० |
| ४२ | संस्था दर्ता सिफारिस | ५०० | १००० |
| ४३ | घर ढलान गर्दा वाटो प्रयोग सम्बन्धी सिफारिस | २०० | ५०० |
| ४४ | माथि उल्लेख भएका बाहेक सबै प्रकारका सिफारिस | २०० | २०० |
| ४५ | नक्शा प्रमाणित | १००० | १००० |
| ४६ | भवन निर्माण अनुमतिपत्रको प्रतिलिपी | ५०० | ५०० |

हरिनास गाउँपालिका

| | | | |
|---|---|---|---|
| ४७ | व्यवसाय दर्ता सिफारिस | ५०० | १००० |
| ४८ | मुचुल्का प्रमाणित | ३०० | ३०० |
| | गाउँपालिका क्षेत्रभित्रका फरक क्षमता भएका व्यक्तिहरूको परिचयपत्र सम्बन्धी, आर्थिक अवस्था कमजोर भई निःशुल्क उपचार सम्बन्धी सिफारिस तथा प्राकृतिक प्रकोप सम्बन्धी सिफारिसहरूमा सिफारिस दस्तुर छुट दिईनेछ । | | |

हरिनास गाउँपालिका

हरिनास गाउँपालिका